**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१/०७/०४

**भाग-२**

**हेलम्बु गाउँपालिका**

**(गाउँसभाबाट स्वीकृत मितिः २०८१।०३।२७ गते)**

हेलम्बु गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ११ को उपदफा (३) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गर्ने निणर्य भएको हुँदा सवर्साधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

1. **हेलम्बु गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ११ मा संशोधनः** हेलम्बु गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ११ को उपदफा (३) मा देहायको समिति रहने गरी संशोधन गरिएको छ।

**वडा स्तरिय योजना अनुगमन समितिः**

(बढीमा रु ५ लाख रुपैयाँ सम्मको योजना अनगुमनका लागि देहाय बमोजिमको योजना अनुगमन समिति रहने छ।)

| | |
|---|---|
| क) सम्वन्धित वडाको अध्यक्ष | संयोजक |
| ख) सम्वन्धित वडाको महिला सदस्य (१ जना) | सदस्य |
| ग) गाउँपालिकाको तोकिएको प्राविधिक | सदस्य |
| घ) वडा प्राविधिक | सदस्य |
| घ) वडा सचिव | सदस्य सचिव |

**<u>गाउँपालिका स्तरिय योजना अनुगमन समिति</u>ः**

(कम्तीमा रु ५ लाख रुपैयाँ भन्दा माथिका योजना अनगुमनका लागि देहाय बमोजिमको योजना अनुगमन समिति रहने छ।)

| | |
|---|---|
| क) उपाध्यक्ष | संयोजक |
| ख) पूर्वाधार समितिको संयोजक | सदस्य |
| ग) सम्वन्धित वडाको अध्यक्ष | सदस्य |
| घ) योजना शाखा प्रमुख | सदस्य |
| ङ) प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

(***पुनश्चः*** संयोजकको अनुपस्थितिमा पूर्वाधार समितिका संयोजकले अनुगमन समितिको संयोजक भई काम गर्नेछ।)

आज्ञाले,
राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत